फोन नं. ४२११९९१, ४२११८१५
४२११६९६, ४२११९६३
फ्याक्स : ९७७-१-४२११८७७
इमेल : info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (वैदेशिक रोजगार व्यवस्थापन शाखा)

पत्र संख्या:-
चलानी :- ३९६

सिंहदरबार, काठमाडौं
नेपाल
मितिः २०७७/०३/२१

श्री वैदेशिक रोजगार विभाग,
बुद्धनगर, काठमाण्डौ ।
श्री श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग,
मीनभवन,काठमाण्डौं ।

**विषयः विदामा नेपालमा आई पुनः गन्तव्य जानेको सिफारिस तथा पुनः श्रम स्वीकृति सम्बन्धमा स्पष्टता गरिएको ।**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०३/१५ को निर्णयअनुसार पुनः श्रम स्वीकृती दिने सम्बन्धमा यस मन्त्रालयबाट विभागलाई लेखिएको च.न. ३८९, मिति २०७७/०३/१८ को पत्र साथै विभिन्न कार्यलयबाट यस मन्त्रालयमा प्राप्त पत्र सम्बन्धमा देहाय बमोजिमको स्पष्टता गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

१. विदामा नेपाल आई पुनः वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिन आउने व्यक्तिले अनिवार्य रुपमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट जारी स्वास्थ्य प्रोटोकलको (S=Sanitize, M=Mask, S=Social Distance) पालना गरी सेवा लिन आउनु पर्नेछ ।

२. बुदाँ नं. १ बमोजिमको सेवाका सम्बन्धमा कोरोना भाइरसको कारण हाल आफू जाने गन्तव्य मुलुकको विदेशी कामदार भित्राउने नीति र स्वास्थ्य सम्बन्धी प्रोटोकलको जानकारी वैदेशिक रोजगारीमा जाने व्यक्ति स्वयंको हुनेछ । साथै, गन्तव्य मुलुक प्रस्थान गर्नु अघि ती मुलुकको स्वास्थ्य प्रोटोकलको आधारमा आवश्यक पर्ने भएमा कोभिड-१९ परीक्षणको रिपोर्ट त्रिभुवन विमानस्थलस्थित श्रम डेस्कमा पेश गर्नुपर्ने छ ।

३.लकडाउनको कारण गन्तव्य मुलुक जान नसकेकोले भिषाको म्याद समाप्त भई गन्तव्य मुलुकले भिषा म्याद थप गरेको व्यक्तिहरुको हकमा अनलाइन भिषा बाहेक अरु भिषा Original हुनुपर्ने । Original भिषा ल्याउन नसक्नेको हकमा सम्बन्धित कम्पनीको आधिकारिक e-mail बाट वैदेशिक रोजगारसँग सम्बन्धित कागजात विभाग वा सम्बन्धित कार्यालयको आधिकारिक e-mail ठेगानामा प्राप्त हुन आएमा हाललाई पुनः श्रम स्वीकृति दिने ।

४. सम्बन्धित कार्यालय र सेवाग्राहीले देहाय बमोजिम प्रोटोकल पालना गर्नुपर्नेछ :

(क) कार्यालयमा सेवा लिने वा सो कार्यसँग सम्बन्धित सेवाग्राही बाहेकका अन्य व्यक्ति अनावश्यक रुपमा कार्यालयमा प्रवेश नगर्ने ।

(ख) सम्बन्धित कार्यलयको गेटमा साबुन पानी र सेनिटाइजरको व्यवस्था गरी अनिवार्य रुपमा हात धोई सेनिटाइजर प्रयोग गरेर मात्र कार्यालयमा प्रवेश गर्ने व्यवस्था मिलाउने ।

फोन नं. ४२११९९१, ४२११८१५
४२११६९६, ४२११९६३
फ्याक्स : ९७७-१-४२११८७७
इमेल : info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## (वैदेशिक रोजगार व्यवस्थापन शाखा)

पत्र संख्या:-
चलानी :-

सिंहदरबार, काठमाडौं
नेपाल

(ग) कार्यालयमा श्रम स्वीकृती लिन आउने सेवाग्राहीले १/१ मिटरको दुरी कायम गरी लाइनमा बस्नुपर्ने र सेवाप्रदायकसँग सेवा लिँदा भौतिक दुरी न्युनतम ६ फिट कायम गर्नु पर्ने ।

(घ) कर्मचारी तथा सेवाग्राहीले मास्क लगायतका जनस्वास्थ्य सुरक्षाका उपायहरु अनिवार्य रुपमा पालना गर्ने गराउने ।

(ङ) सम्बन्धित कार्यालयले सेवाग्राही र सेवाप्रदायकको भौतिक दुरी कायम गर्न कार्यालयका कार्यकक्षको उचित व्यवस्थापन गर्ने ।

५.सम्बन्धित देशको स्वास्थ्यसँग सम्बन्धित प्रोटोकल हेर्ने जिम्मा वैदेशिक रोजगारीमा जाने व्यक्ति स्वयंको हुने ।

७.श्रम स्वीकृति दिँदा सम्बन्धित प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि यथावत रुपमा पालना गर्नुपर्ने ।

(यस अघि पठाईएको यसै व्यहोराको पत्रमा बुँदा नं. ५ अपूर्ण रहेकाले सो बुँदा पूर्ण गरी पठाईएको छ ।)

२०७७/३/२९
..................
(जमुना कार्की)
शाखा अधिकृत